# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १६५ | काठमाडौं | बिहीबार, १८ असोज २०८० | Prabhab National Daily | Thursday, October 5, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# सेना 'हाइअलर्ट'मा

- देशका ठाउँठाउँमा धार्मिक तथा जातीय द्वन्द्व हुन सक्ने सम्भावनापछि 'हाईअलर्ट'मा रहन सेनालाई निर्देशन
- धार्मिक र जातीय सद्भाव कायम राख्न अपिल
- सामाजिक सञ्जालमा धार्मिक सद्भाव भड्काउने खालका स्टाटस नलेख्न आग्रह



■ **जेबी योञ्जन**

**काठमाडौं–** देशको ठाउँठाउँमा धार्मिक तथा जातीय सद्भाव भड्काउने गरिका गतिविधि बढ्न थालेपछि नेपाली सेनालाई उच्च सतर्क अवस्थामा रहन सरकारले निर्देशन दिएको छ। जुनसुकै बेला धार्मिक र जातीय सद्भाव भड्किन सक्ने र त्यसले सुरक्षा चुनौती बढ्ने सरकारको निष्कर्ष छ।

बुधबार प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा बसेको राष्ट्रिय सुरक्षा परिषद् बैठकले निकालेको यही निष्कर्षपछि सेनालाई परिचालन गर्नेगरी उच्च सतर्क रहन निर्देशन दिएको हो। परिषद् बैठकमा पछिल्ला दिनहरूमा देखिएका धार्मिक र साम्प्रदायिक असहिष्णुता सिर्जना गर्ने गतिविधिहरूलाई न्यूनीकरण गर्ने रणनीतिबारेसमेत छलफल भएको छ।

बैठकमा भएको छलफलबारे जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पछिल्ला केही दिनहरूमा देशका केही स्थानहरूमा धार्मिक, साम्प्रदायिक असहिष्णुता बढाउने प्रकृति भएका गतिविधिहरू विभिन्न प्रदेशहरूको सुरक्षा स्थिति, बढ्दो सामाजिक सञ्जालको दुरूपयोगलगायतका राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषय र घटनाहरू तथा त्यसको समाधान र न्यूनीकरणका लागि अपनाउनुपर्ने भावी रणनीतिसम्बन्धी विषयमासमेत छलफल भएको छ।' आन्तरिक र बाहृय सुरक्षा चुनौती बढेका बेला सरकारले सेनालाई परिचालन गर्छ। सेना परिचालन गर्नुको मूल कारण सम्भावित सुरक्षा चुनौतीको सामना गर्दै व्यवस्थापन गर्नु हो।

परिषद्को कायम कर्तव्य र अधिकार उल्लिखित ऐनअनुसार देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाहृय आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारण गम्भीर संकट उत्पन्न भएको अवस्थामा सुरक्षा परिषद्ले मन्त्रिपरिषद्समक्ष सेना परिचालनका लागि सिफारिस गर्दछ। त्यस आधारमा मन्त्रिपरिषद् बैठकले निर्णय गरेर अन्ततः राष्ट्रपतिसमक्ष पठाउने गरिन्छ। राष्ट्रपतिले मन्त्रिपरिषद् बैठककै निर्णयका आधारमा सेना परिचालनको घोषणा गर्ने व्यवस्था छ।

अहिले पनि बाँकेको नेपालगञ्जमा नेपाली सेना परिचालन गरिएको छ। धार्मिक सद्भाव भड्किन सक्ने विश्लेषणका आधारमा मंगलबारदेखि नै त्यहाँ सेना परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी विपीन आचार्यले जानकारी दिएका छन्।

(बाँकी पृष्ठ २ मा)

## मधेसमा चुनौती

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा महोत्तरीको बर्दिबासमा बुधबार बसेको मधेस प्रदेशस्तरीय सुरक्षा गोष्ठीले मधेसमा धार्मिक अतिवादको खतरा रहेको निष्कर्ष निकालेको छ।

बैठकमा प्रदेशका आठै जिल्लाका सुरक्षा अधिकारीहरूले सामाजिक सद्भाव, एकता र सहिष्णुतामा प्रहार गर्दै समाजलाई अन्ततः अशान्तिको दिशातिर उन्मुख गराउने तत्त्वहरू मधेसमा सक्रिय रहेको ब्रिफिङ गरेका थिए।

हिन्दू र मुस्लिम समुदायबीच एक अर्कामा धार्मिक तथा सांकृतिक कार्यमा असहयोग गर्ने र आपसमा द्वन्द्व गर्ने मनोविज्ञान हाबी भएको पनि सुरक्षा अधिकारीले जनाएका थिए। त्यसलाई बढवा दिन सामाजिक सञ्जालमा लेखिने उत्तेजक स्टाटस पनि जिम्मेवार रहेको र यसलाई निरुत्साहित पार्नेबारे छलफल भएको छ।

# सत्ता गठबन्धनमा खटपट



अब अति भयो। जति दिन यो सरकार राख्यो त्यति देशको राष्ट्रियता, सार्वभौमिकता, राजनीतिक र अवस्था कमजोर हुँदै जान्छ।

**डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस



को प्रधानमन्त्री बन्छ भनेर मुख मिठ्याएर बस्ने होइन, कहिले आउँछ भनेर ढुकेर बस्ने होइन। अहिले भएको सरकारलाई अघि बढाउने हो।

**माधवकुमार नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारको कार्यशैलीप्रति सत्तारुढ गठबन्धनभित्रै असन्तुष्टि चुलिँदो छ। गठबन्धनको प्रमुख साझेदार नेपाली कांग्रेसका नेताहरू विभिन्न मञ्चबाट दाहाल नेतृत्वको सरकारविरुद्ध आलोचनामा उत्रिन थालेका छन्।

आइतबारमात्र सरकारको कामप्रति असन्तुष्टि जनाउँदै कांग्रेस महामन्त्री गगन थापाले सरकारबाट कांग्रेस फिर्ता हुनुपर्ने बताएका थिए। 'मलाई लाग्छ कांग्रेसका सबै मन्त्री फिर्ता बोलाउँ। दुई अढाइ वर्ष मोर्चालाई चलाउन दिउँ। हामी चुप लागेर बसौं न,' दाहालले समाजवादी मोर्चा कसेकोप्रति असन्तुष्टि जनाउँदै थापाले भनेका थिए।


बुधबार कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले वर्तमान सरकार तत्काल सच्चिनुपर्ने नभए नेतृत्व छाड्न तयार हुनुपर्ने धारणा राखे। कपिलवस्तुको तौलिहवामा आयोजित कांग्रेस कपिलवस्तुको प्रथम जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै कोइरालाले यस्तो अभिव्यक्ति दिएका हुन्। 'अब अति भयो, जति दिन यो सरकार राख्यो त्यति देशको राष्ट्रियता, सार्वभौमिकता, राजनीतिक र अवस्था कमजोर हुँदै जान्छ। नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन अपरिहार्य भइसक्यो,' कोइरालाले भने। कोइरालाले सरकारको हेपाहा र बलमिच्याइँले चर्को महँगीका कारण जनताको चुलो नबल्ने अवस्थामा पुगेको बताए। जनतालाई सहुलियत दिनुपर्नेमा चाडपर्वको मुखमा दैनिक उपभोग्य वस्तुहरूको भाउ बढ्नु राम्रो संकेत नभएकोसमेत बताए।

### मुख नमिठ्याउन माधव नेपालको आग्रह

कांग्रेस नेताले सरकारको विरोध गरिरहँदा गठबन्धनका एक साझेदार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भने यही सरकारले निरन्तरता पाउने दाबी पेस गरेका छन्। 'को प्रधानमन्त्री बन्छ भनेर मुख मिठ्याएर बस्ने होइन, कहिले आउँछ भनेर ढुकेर बस्ने होइन। अहिले भएको सरकारलाई अघि बढाउने हो। नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा यो सरकारलाई अघि बढाउने पक्षमा हुनुहुन्छ,' अध्यक्ष नेपालले भने, 'हामी पनि यो सरकार अघि बढाउने पक्षमा छौं। कमजोर र असहयोग गर्ने पक्षमा छैनौं।' यद्यपि कांग्रेसविनाको सरकार कल्पनै गर्न नसकिने नेपालको भनाइ थियो।

मेची-महाकाली समाजवादी जागरण अभियानको क्रममा बुधबार जनकपुरधाम पुगेका नेपालले अहिलेको संसद्को संरचनामा शक्ति सन्तुलन मिलाउन कांग्रेस अपरिहार्य भएको बताएका हुन्। प्रधानमन्त्री दाहालले राम्रो काम गर्न खोजिरहे पनि पर्याप्त नभएको नेता नेपालले बताए। 'उहाँले केही राम्रा काम पनि गर्न खोज्नुभएको छ। तर त्यो पर्याप्त भएन। त्यसको निम्ति हामीले उहाँलाई सहयोग पनि गर्नुपर्छ,' उनले भने।

## 'डिफेन्सिभ' मुडमा ओली



'देश चलाउने एमाले हो। यो पार्टीमा फुटको प्रयास गर्नेहरु एमालेभित्र कहिल्यै सफल हुँदैनन्।'

**काठमाडौं (प्रस)–** प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेता केपी शर्मा ओलीले केही दिनअघि वर्तमान सरकारलाई जसरी भए पनि टिपेर मिल्काउनुपर्ने अवस्था आएको बताएका थिए। तर, अहिले उनी 'डिफेन्सिभ' मुडमा उत्रिएका छन्। 'अहिलेको सरकार बसिरहन हुन्छ? तपाईंहरू भन्नुस् त, यस्तो सरकार राख्न हुन्छ?,' असोज ७ गते ओखलढुंगा पुगेर ओलीले भनेका थिए, 'तपाईं-हामी नेपाली जनताले यो सरकार जुनसुकै तरिकाले भए पनि यसलाई टिपेर मिल्काउनुपर्ने अवस्था आइसक्यो।'

तर, उनै ओली हप्ता दिनमै एकाएक प्रतिरक्षात्मक ढंगमा प्रस्तुत हुन थालेका छन्। सत्तारुढ दलका कांग्रेसदेखि एकीकृत समाजवादीसम्म फुटाउन कोसिसमा लागेको आरोप खेपेका ओलीले बुधबार उल्टै आफ्नै पार्टी फुटाउन खोजेको आरोप लगाए। एमाले कोशी प्रदेशको नयाँ कमिटीको शपथ ग्रहण समारोहलाई सम्बोधन गर्दै उनले विरोधीले एमालेभित्र फुट ल्याउन प्रयास गरेको बताएका हुन्। पछिल्लो समय प्रदेश महाविधेशनमा प्यानलै बनाएर ओली गुटविरुद्ध लागेकोप्रति लक्षित गर्दै ओलीले आक्रोश पोखेका हुन्।

देश चलाउने एमाले भएको बताउँदै ओलीले फुटको प्रयास गर्नेहरू एमालेभित्र कहिल्यै सफल नहुने बताए। त्यसो त कांग्रेससहितका सत्ता गठबन्धन फुटाएर वा कांग्रेसलाई फकाएर माओवादीलाई सत्ताबाट निकाल्ने अभ्यासमा रहेको ओलीले मंगलबार प्रतिनिधिसभामा सबै दलमाथि रोष पोखेका छन्। ओलीले कांग्रेसका मन्त्री र राष्ट्रपतिमाथि निशाना साँधेर कांग्रेसलाई बिच्काउने काम गरेको कतिपय राजनीतिक विश्लेषकहरू बताउँछन्।

ओलीले कांग्रेसबाट सहभागी कानुनमन्त्री र अर्थमन्त्रीको कामका चर्को आलोचना गरेका थिए। 'धेरै कुरा किन गरौं, मेराविरुद्धको मुद्दामा उफ्रीउफ्री सक्रिय भूमिका खेल्ने फर्मका सहयोगी वकिललाई न्यायाधीश बनाउनुपरेको रहेछ। पारितोषिक त कहाँ-कहाँबाट लम्कीलम्की कति याद गरेको? आफ्नो सेवा गरेका मान्छेको कति याद आउँदो रहेछ,' ओलीले भनेका थिए।

त्यसैगरी ओलीले अर्थमन्त्री डा. प्रकाशशरण महतको कार्यक्षमतामाथि प्रश्न गर्दै गठबन्धन पद टिकाउनैमा केन्द्रित हुँदा त्यसको प्रभाव अर्थतन्त्रमा परेको दाबी गरेका थिए। सरकारले विदेश भ्रमणलगायतका नाममा अर्थतन्त्रको दोहन गरिरहेको आरोपसमेत लगाए। नेपालको अर्थतन्त्र इतिहासकै कमजोर अवस्थामा रहेको उल्लेख गर्दै उनले राजस्व संकलनमा गिरावट आउँदा, बचत गर्नुपर्नेमा तलब खुवाउन नसकेर ऋण लिन बाध्य हुँदासमेत सरकार गम्भीर नदेखिएको बताएका थिए।

**सन्दर्भ : वैदेशिक रोजगार**

### श्रममन्त्रीसहितको टोली युरोपमा

# जर्मनी र रोमानियासँग श्रम सम्झौता गरिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारका लागि आकर्षक गन्तव्य मानिएको युरोपेली मुलुक जर्मनी र रोमानियासँग द्विपक्षीय श्रम सम्झौता गर्ने भएको छ। यसका लागि श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको नेतृत्वमा श्रमसचिव केवलप्रसाद भण्डारीसहितको टोली बुधबार युरोप प्रस्थान गरेको छ।

दुवै मुलुकसँग शुक्रबार श्रम सम्झौता हुने मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए। श्रम सम्झौताका लागि मन्त्री भण्डारी युरोप पुगे पनि सचिवस्तरीय सम्झौता हुने सम्भावना रहेको उनले जानकारी दिए। 'दुवै मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्ने तयारीका साथ मन्त्रीज्यूसहितको प्रतिनिधिमण्डल युरोप गएको छ,' प्रवक्ता घिमिरेले भने, 'यसलाई वैदेशिक रोजगारीको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिको रूपमा लिनुपर्छ, यसले अब नेपालीहरूको रोजागर गन्तव्य युरोपेली मुलुक हुन्छन् भन्ने देखाउँछ।'

यसअघि पनि विभिन्न चरणमा ती मुलुकसँग श्रम सम्झौता गर्ने बताउँदै आए पनि विविध कारणले रोकिँदै आएको थियो। यद्यपि, ढिलै भए पनि विशेषगरी पछिल्लो समय नेपाली श्रमिकको आकर्षक गन्तव्य मानिएको रोमानियासँग हुने श्रम सम्झौताबाट ठूलै उपलब्धि हासिल हुने श्रम मन्त्रालयको अपेक्षा छ। साथै, जर्मनीलाई पनि नेपालीहरूले प्रमुख श्रम गन्तव्यको रूपमा लिने बताइएको छ। वैदेशिक रोजगारीका लागि गत आर्थिक वर्षमा जर्मनी जाने नेपाली श्रमिकहरूको संख्या त्यति धेरै नभए पनि रोमानिया जाने श्रमिकको संख्या उल्लेख्य रहेको वैदेशिक





रोजगार विभागको तथ्यांकले देखाएको छ। गत आवमा १४ हजारभन्दा बढी श्रमिकले रोमानिया जान श्रम स्वीकृति लिएका छन्। अघिल्लो आवमा पाँच हजार ५०० भन्दा बढी रोमानिया पुगेका थिए।

रोजगारीका लागि रोमानिया जाने नेपाली श्रमिकको चाप बढेपछि गत वर्ष भिसा प्रक्रियालाई सरल, सहज र पहुँचयोग्य बनाउन नेपाल सरकारको आग्रहमा काठमाडौंमा अस्थायी रोमानियन मिसन स्थापना गरिएको थियो। मिसन स्थापना भएयता रोमानिया जाने नेपालीको संख्या झण्डै तीन गुणाले बढेको विभागको तथ्यांकमा देखिन्छ।

यसअघि रोमानिया जान चाहने श्रमिकको भिसा प्रक्रियाका लागि भारत जानुपर्ने बाध्यता थियो। उनीहरूले विचौलियाको साथ लिनुपर्ने एवं अतिरिक्त समय र पैसा पनि खर्च गर्नुपर्ने अवस्था थियो।

सरकारले युरोपेली मुलुकहरूलाई अवको वैकल्पिक वैदेशिक रोजगार गन्तव्य बनाउने घोषणा गरिसकेको छ। गत भदौ महिनाको अन्तिम साता प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा बसेको श्रम गन्तव्य हेर्ने १३ वटा मुलुकका राजदूतसहित विभिन्न मन्त्रालयका मन्त्री एवं उच्च पदाधिकारी सम्मिलित बैठकले युरोपलाई अबको गन्तव्यको रूपमा विकास गर्ने निर्णय नै गरेको थियो।

सोही बैठकको निर्णय कार्यान्वयन गर्ने क्रममा मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले तत्काललाई जर्मनी र रोमानियासँग द्विपक्षीय श्रम सम्झौता गर्न स्वीकृति दिएको छ। उक्त सम्झौताका लागि आवश्यक तयारी तथा दुई देशबीचको समन्वयका लागि श्रममन्त्री भण्डारी नेतृत्वको प्रतिनिधिमण्डल तोकिएको छ। मन्त्रिपरिषद्को निर्णयलगत्तै मन्त्री भण्डारीसहितको एक प्रतिनिधिमण्डल जर्मनी र रोमानियासँग श्रम सम्झौता गर्न युरोप प्रस्थान गरिसकेको छ। यसअघि श्रमिकको सुरक्षा र रोजगारीको आकर्षक गन्तव्य मानिएको बेलायतसँग सरकारले जिटुजी सम्झौता गरिसकेको छ। सोहीअन्तर्गत प्रोटोकल स्वीकृत भई १०० जना स्वास्थ्य कर्मी (नर्स)को माग भएअनुसार सरकारले आवश्यक संख्याका लागि आवेदनसमेत आह्वान गरिसकेको छ।

श्रम सम्झौताका लागि युरोप पुगेको मन्त्रीसहितको टोलीले सम्भावित अन्य श्रम गन्तव्यको पनि खोजी गर्ने मन्त्रालयले जनाएको छ। यसका लागि सम्बन्धित मुलुक हेर्ने कूटनीतिक नियोग, गैरआवासीय नेपाली संघ (एनआरएनए) तथा सरोकारवाला संघसंस्थाहरूसँग आवश्यक छलफल एवं परामर्श गर्ने बताइएको छ। त्यस्तै युरोपलाई श्रम गन्तव्य बनाउनेगरी व्यवसायीहरूले वैदेशिक रोजगार मेला सञ्चालन गर्ने बताइरहेकै बेला श्रम सम्झौता हुनुले युरोपलाई नै अबको श्रम बजारको रूपमा स्थापित गर्न सहज हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए।




# इपिजी प्रतिवेदन सार्वजनिक गर्न विज्ञको सुझाव

**काठमाडौं (प्रस)**– नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)को प्रतिवेदन सार्वजनिक गर्न विज्ञहरूले सुझाव दिएका छन् । राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार समितिको बुधबार बसेको बैठकमा उनीहरूले दुई देशबीचको सीमा निर्धारण प्रक्रियालाई टुंगोमा पुऱ्याइ आधिकारिकता दिनुपर्ने भनाइ राखे ।

नेपाल-भारतबीचको सम्बन्ध, अवसर, समस्या र समाधानका विषयमा धारणा राख्दै उनीहरूले दुई देशका प्राविधिक संयन्त्रले २६ वर्ष लगाएर तयार पारेको सीमा नक्सा कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिए ।

बैठकमा नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूह(इपिजी)का सदस्य एवं पूर्वजलस्रोत सचिव सूर्यनाथ उपाध्यायले विवादित क्षेत्रबाहेक सीमा निर्धारण प्रक्रियालाई टुंगोमा पुऱ्याइ आधिकारिता दिन संसद्मार्फत सरकारलाई सुझाव दिए । उनले भने, 'सीमा निर्धारणअनुसार दशगजाको अतिक्रमण हटाउन, सम्भव भएसम्म एकातर्फी तारबार गर्न, सीमा र नियमनका सन्दर्भमा सर्वोच्च अदालतको संयुक्त इजलासको परमादेश कार्यान्वयन गर्न आवश्यक छ ।'

उनले नेपालमा रहेका भारतीयको अभिलेख स्थानीय तह र सम्बन्धित प्रहरी कार्यालयले राखी प्रत्येक छ महिनामा अद्यावधिक गर्न तथा श्रम कानुनको व्यवस्थाअनुसार श्रम स्वीकृतिलाई संगठित र असंगठित दुवै क्षेत्रमा प्रभावकारीरूपमा लागू गर्नुपर्ने बताए ।

उपाध्यायले सीमानाका नियमन र व्यवस्थित नभएसम्म नेपालले लागुऔषध ओसारपसार, मानव बेचविखन, आपराधिक क्रियाकलापलगायत शान्ति सुरक्षासम्बन्धी चुनौतीको सामना गर्नुपर्ने अवस्था कायम रहेकाले सदनमा यस्ता विषय प्रभावकारीरूपमा उठाइनुपर्नेमा जोड दिए ।

नेपाल-भारतबीच आवतजावतका लागि २६ वटा नाका रहे पनि खुला सीमा रहेकाले जहाँबाट पनि सीमा पार गर्न सकिने विषयलाई दुवै पक्षले बुझ्न जरुरी रहेको उनहरूको भनाइ छ । नापी विभागका पूर्वमहानिर्देशक तोयानाथ बरालले दुई देशबीचको सीमा नियमनलाई एकीकृतरूपमा व्यवस्थित गर्न आवश्यक रहेको बताए ।

उनले सन् १९८२ देखि २००७ सम्म २६ वर्ष लगाएर तयार गरिएको एक सय ८२ स्थानको सीमासम्बन्धी नक्सा कार्यान्वयनमा ल्याउन सरकारलाई सुझाव दिए ।

## सेना...

पृष्ठ १ बाट जारी

उनका अनुसार अझैसम्म त्यहाँ कर्फ्यु आदेश लागू छ । यद्यपि स्थिति सामान्य बन्दै गएको छ ।

देशको पूर्वी क्षेत्रको प्रदेश कोशीमा साउनमा साम्प्रदायिक सद्भाव भड्किने गतिविधि भएको थियो । स्थानीय प्रशासनले कफ्र्यु आदेश नै जारी गरेपछि स्थिति नियन्त्रणमा आएको थियो । त्यसपछि यही असोजको पहिलो साता सर्लाहीको मलंगवामा भने नेपालगञ्जमा जसरी धार्मिक सद्भाव भड्काउने गरी गतिविधि भए । त्यहाँ हिन्दू र मुस्लिम समुदाय आमनेसामने भए । अन्ततः स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गर्नुपऱ्यो । लगत्तै नेपालगञ्जमा तनाव उत्पन्न भएको हो ।

एकपछि अर्को स्थानमा धार्मिक तथा जातीय साम्प्रदायिक दंगा निम्तिने गरी गतिविधि भइरहेपछि सरकारले यसलाई गम्भीररूपमा लिएको छ। मंगलबार नै प्रधानमन्त्री दाहालले दुई धार्मिक समुदायबीच सद्भाव कायम गर्न अपिल गरेका थिए । छिमेकी मुलुक भारतको मणिपुरमा महिनौंदेखि जातीय दंगा भड्किएको छ । हजारौंले ज्यान गुमाइसकेका छन् । लाखौं मानिसहरू विस्थापित भएका छन् । यता नेपालमा पनि धार्मिक र जातीय दंगा हुनेगरी गतिविधि बढेका हुन् ।

प्रेस काउन्सिल नेपालले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्ति सुरक्षामा असर गर्ने खालका सामग्रीहरू सामाजिक सञ्जालमा पोस्ट नगर्न आग्रह गरेको छ । पछिल्लो समयमा देशका केही भागमा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्ति सुरक्षामा असर गर्ने खालका गतिविधिहरू भइरहेका र त्यस्ता कार्यमा फेसबुक, ट्वीटर, युटचुब, टिकटकजस्ता सामाजिक सञ्जालको दुरूपयोग भएको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले बताए । उनले सामाजिक सञ्जालमा भेटिने अमर्यादित, अशिष्ट र तथ्यहीन सामग्रीले जनमानसमा भ्रमसमेत सिर्जना गरेकोप्रति काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरे ।

संसद्को प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि हिन्दू र मुस्लिम समुदायलाई सद्भाव कायम राख्न आग्रह गरेका छन् । उनले नेपालगञ्जलगायत विभिन्न भागमा फैलिएको अशान्तिले सद्भाव र सहिष्णुतामा खलल पुगेको भन्दै एक आपसमा सद्भाव र धार्मिक आस्थाको सम्मान गर्नुपर्नेमा जोड पनि दिएका छन् ।

उनले भनेका छन्, 'हाम्रो समाजको मुख्य विशेषताबीचको एकता र आपसी सहिष्णुता हो । एउटाको आस्थामाथि अर्काले सम्मान गर्नु हाम्रो साझा धर्म हो । सबै धर्म र आस्था नेपालको भूमिमा सधैं संरक्षित हुँदै आएका छन् ।' नेपाल प्रहरीले पनि धार्मिक तथा जातीय सद्भाव खल्बलिने गरी कुनै 'स्टाटस' सामाजिक सञ्जालमा नराख्न अपिल गरेको छ । यदि, कसैले सद्भाव खल्बलिनेगरी स्टाटस लेखे कानुनअनुसार कारबाही गर्ने चेतावनी दिएको छ ।

यस्तै राष्ट्रिय जनमोर्चाले धार्मिक तथा जातीय तनाव निम्त्याउन देशीभन्दा पनि विदेशी शक्ति जिम्मेवार रहेको दाबी गरेको छ । भारतदेखि केही दिनअघि आएका हिन्दू स्वयमंसेवकका मानिसहरूलाई जनमोर्चाले कारक मानेको छ । जनमोर्चा उपाध्यक्ष तथा प्रवक्ता दुर्गा पौडेलद्वारा जारी विज्ञप्तिमा वर्षौंदेखि मिलेर बसेका धार्मिक समुदायबीच तनाव सिर्जना गराउने कार्य नगर्न र नगराउन आग्रहसमेत गरिएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति २०८०/०६/१७ | LT No. 293583 | चलानी नं ६०१९५८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 900 | ३२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packer | 50 | 0 | 900 | ३२,६३५ | | | | | | | |
| 3 | Host | 20 | 0 | 1600 | ५८,०२० | | | | | | | |
| 4 | Cleaner | 0 | 20 | 1100 | ३९,८९० | | | | | | | |
| 5 | Helper | 50 | 0 | 1150 | ४१,७०० | | | | | | | |
| 6 | Host | 0 | 20 | 1600 | ५८,०२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984562103, Email Id: dubaioverseas2016@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Vision Khayal Foundation for Decoration

पूर्व स्वीकृति मिति: २०८०/०६/१७ | LT. No. 293550 | चलानी न.६०२०८६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION SITE SUPERVISOR | 1 | 0 | 2000 | ७०९११ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Upload and download operator | 1 | 0 | 1200 | ४२५४७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal ,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Muhammad Abdul Malik Al Thabiti Company for serving meals

पूर्व स्वीकृति मिति २०८०/०६/१७ | LT. No. 293571 | चलानी नं. ६०२०८६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३५४५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०५/२५ गते थसिखेल-४ ललितपुरबाट (दिउँसो करिब १:०५ बजेको समयमा) पार्किङ गरेको अवस्थामा मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम : हुलास फिन सर्भ**
**धनीको नाम : सन्जिब कार्की**
**बाइक नं.: बा प्र. ०२-०३७ प ५८१९**
**च्यासिस नं.:** MD2A13EX1NCL81995
**इन्जिन नं. :** DKXCNK36322
**सम्पर्क:** 9818505345.


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Officer -1(F)
2. Public Relation Office (PRO) -2(F/M)
3. Receptionist -1(F)

नोट: +2 passed, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलब: आपसी समझदारीमा**

**इच्छुक व्यक्तिहरुले निम्न माध्यममा सम्पर्क राख्नुहोला: ९८४११६१४९७, ९८१३०६८०१७**

*Email: singh2028.ea@gmail.com*



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOON HAUT AGRI SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/१७ | LT. No. 293467 | चलानी नं.६०२०८६३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HARVESTING WORKER | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


## भीमफेदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भीमफेदी, मकवानपुर
### बागमती प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८०।०६।१८**

यस गाउँपलिकाबाट निर्माण कार्यको लागि मिति २०८०।०५।०१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-Bid मार्फत कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक मूल्यांकन गर्दा सूचना र बोलपत्रमा माग भए अनुसारको योग्यताको आधारमा योग्य भई सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम तपसिलमा उल्लेखित मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सो समयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्राविधिक प्रस्तावमा उत्तीर्ण बोलपत्रदाता:**

**ठेक्का नं :** BRMMK/NCB/CDMSS/01-2080.081 — **मिति: २०८०।०६।२५ गते विहिबार**
**नाम: धार्के महभिर स्वाँरा सडक निर्माण ।** — **स्थान: भीमफेदी गा.पा बिहान १०:०० बजे**

| सि.नं | बोलपत्र दाताको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| 1 | K & S-Aman-Analaxmi J.V, Kathmandau. | |
| 2 | Shaswat Construction, Makwanpur. | |
| 3 | Gole Construction, Makwanpur. | |
| 4 | K.H. Brothers-Hyulla-Sangden J.V, Kavrepalanchock | |

**प्रमुख प्रशासकीय अधिकृत**
**भीमफेदी गाउँपालिका**

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७७/०५/१५ मा दर्ता भएको **वस्ती आई. टी. सप्लायर्स प्रा.लि. (दर्ता नं. २४०९७३)** को मिति २०८०/०६/१७ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

## कम्पनी खारेज गरिएको लिक्विडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५७/०५/०७ मा दर्ता भएको प्रा.लि. नं. १३६७५/०५७/०५८ को सर्कल फोर ट्रेड लिङ्क्स प्रा. लि.को मिति २०८०/०६/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: राजु थापा, ठेगाना : बौद्ध-६, काठमाडौं**
**इजाजतपत्र नं. ३५६, फोन नं. ९८५१०१३७३०**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/१८ गते)

श्री विशेश्वर पाठकको नाति, श्री हरि चरण पाठकको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, सस्यूखर्क गाँउपालिका वडा नं ३ बस्ने सूर्य प्रसाद पाठकको मिति २०८०/०४/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको बचत खाता नं २०४०१८३६६७४००००१ र चावहिल शाखामा रहेको मुद्दति खाता नं ०१९०१८३६६७४००००१मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको हकदार पत्नी कालिका पाठकले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं ०१-४२४६९९१/४२५८०५६**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/१८ गते)

चतुर मान त्वाती/मैया त्वातीको छोरी, राम बहादुर कसलवटको श्रीमती भक्तपुर जिल्ला, भक्तपुर न.पा वडा नं ०२ बस्ने लक्ष्मी कसलवटको मिति २०८०/०५/२१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको भक्तपुर शाखामा रहेको बचत खाता नं. १३५००६७०९३३००००५, १३५००६७०९३३०००१८ र १३५००६७०९३३०००२४ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय भक्तपुरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय भक्तपुर फोन नं. ०१-६६१०३००**


## Sankata Wine & Beverage (P) Limited

Ugrachandi Nala-04, Banepa

**Price List (Effective From : 2080/06/17)**

Pan Number: 604239877
Excise Number: 17542

| S. N. | Particulars | Packaging | ND Price | ND Margin | RD Price | RD Margin | Dealer Price | Dealer Margin | W/S Price | W/S Margin | Retail Price | Retail Margin | MRP |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Canvas Sweet White Wine | 12*750 ml | 7,592.00 | 455.52 | 8,047.52 | 724.28 | 8,771.80 | 526.31 | 9,298.10 | 464.91 | 9,763.01 | 976.30 | 895.00 |
| 2 | Canvas Sweet Red Wine | 12*750 ml | 7,592.00 | 455.52 | 8,047.52 | 724.28 | 8,771.80 | 526.31 | 9,298.10 | 464.91 | 9,763.01 | 976.30 | 895.00 |
| 3 | Climate Sweet White Wine | 12*750 ml | 6,998.00 | 419.88 | 7,417.88 | 667.61 | 8,085.49 | 485.13 | 8,570.62 | 428.53 | 8,999.15 | 899.91 | 825.00 |
| 4 | Climate Sweet Red Wine | 12*750 ml | 6,998.00 | 419.88 | 7,417.88 | 667.61 | 8,085.49 | 485.13 | 8,570.62 | 428.53 | 8,999.15 | 899.91 | 825.00 |
| 5 | Canvas Sweet White Wine | 4*4 ltr | 11,399.00 | 683.94 | 12,082.94 | 1,087.46 | 13,170.40 | 724.37 | 13,894.78 | 486.32 | 14,381.09 | 1,438.11 | 3,955.00 |
| 6 | Canvas Sweet Red Wine | 4*4 ltr | 11,399.00 | 683.94 | 12,082.94 | 1,087.46 | 13,170.40 | 724.37 | 13,894.78 | 486.32 | 14,381.09 | 1,438.11 | 3,955.00 |

**Note:** माथि उल्लेखित मूल्यसुचि मू.अ.कर सहितको भएको जानकारी गराइन्छ ।

# कालोबजारी र अवाञ्छित गतिविधिको निगरानी गर्न सर्कुलर

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यका प्रहरी कार्यालयले चाडपर्वमा हुनसक्ने अवाञ्चित गतिविधि, कालोबजारी, यातायात क्षेत्रमा हुने ठगीलगायत आपराधिक गतिविधि हुन नदिन विशेष निगरानीका लागि तीनै जिल्लाका प्रहरी र मातहतका युनिटलाई सर्कुलर जारी गरेको छ ।

काठमाडौं, ललितपुर र भक्तपुरको सुरक्षा व्यवस्था मजबुत बनाउन आवश्यक सुरक्षा योजना निर्माणमा जुटेको उपत्यका प्रहरीले तीनै जिल्ला र मातहतका युनिटलाई विशेष चनाखोका साथ प्रहरी सेवा प्रवाह गर्न सर्कुलर जारी गरेको कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले जानकारी दिए ।

उनले सबै युटिनलाई सुरक्षा योजनाका साथै उपत्यकालाई शान्ति सुरक्षा र भयरहितरूपमा चाडपर्व मनाउने वातावरण निर्माणमा प्रहरीको मुख्य भूमिका रहने भएकाले विशेष निगरानी बढाउनसमेत निर्देशन पनि दिएका छन् । कार्यालयले उपत्यकाको मातहतका युनिटलाई जारी गरेको सर्कुलरमा चाडपर्वका बेला हुनसक्ने कालोबजारी, अवाञ्छित गतिविधि, चोरी, तस्करी नियन्त्रण, ठगी लुटपाट, अवैध गतिविधि, गाडीको तीव्र गति, यातायातको टिकटमा महँगो शुल्क लिने तथा ठग्नेजस्ता गतिविधि नियन्त्रणमा लाग्न भनेको छ ।

कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले कार्यालयबाट आवश्यक निर्देशन गइसकेको र प्रहरीले आ-आफ्नो क्षेत्रमा सुरक्षा व्यवस्थालाई चुस्त पारिसकेको बताए । उनका अनुसार उपत्यकाका लागि जनशक्ति थप गरी आवश्यक कार्य अघि बढाइसकिएको र केही जनशक्ति थप हुने क्रममा रहेका छन् ।

उपत्यकाको तीनै जिल्ला प्रहरी परिसरका प्रमुख, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय तथा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयसहितका सुरक्षा युनिटका प्रमुख तथा प्रतिनिधिलाई बोलाएर छुट्टै सुरक्षा योजना तयार गरी लागू गर्न पनि उपत्यका प्रहरीले निर्देशन दिएको छ । उपत्यकामा साविक सुरक्षा फौजमाथि गणमा रहेका सुरक्षाकर्मीसमेत थप गरेर चाडपर्वका बेला सुरक्षा निगरानी बढाउन थालिएको छ ।

# भूकम्पका घाइतेको उपचार प्रदेश सरकारले गर्ने

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेश सरकारले भूकम्पबाट प्रभावित भई घाइते भएकाको उपचार खर्च व्यहोर्ने भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढीमा बुधबार बसेको सर्वपक्षीय बैठकमा भूकम्पबाट प्रभावितको उद्धार कार्यलाई प्रभावकारी बनाउँदै प्रभावितलाई तत्काल एकद्वार प्रणालीबाट राहत सामग्री वितरण गर्ने निर्णय भएको छ ।

खोज, उद्धार, राहत वितरण कार्य आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको समन्वयमा गर्ने निर्णय भएको मुख्यमन्त्री कमलबहादुर शाहले बताए । उनले भूकम्पमा परी घाइते भएकाको उपचारमा कुनै कमीकमजोरी हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै घाइतेको उपचार खर्च प्रदेश सरकारले व्यहोर्ने जानकारी दिए ।

बैठकमा प्रदेश सरकारका मन्त्री, प्रदेशसभाका सभामुख, प्रदेशका प्रमुख सचिव, सचिव, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, विभिन्न संघसंस्थाका प्रतिनिधिलगायतको उपस्थिति थियो । मंगलबार बझाङमा गएको भूकम्पमा परी जयपृथ्वी नगरपालिकाकी गुनमती धामीको मृत्यु भएको छ । भूकम्पसँगै पहिरो जाँदा बेपत्ता भएकी उनी मृत फेला परेकी थिइन् ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, सञ्चार शाखाका अनुसार भूकम्पका कारण बझाङ, अछाम, बैतडी र बाजुरामा गरी २७ जना घाइते भएका छन् । भूकम्पको झड्काका कारण झण्डै ३२ सरकारी, करिब ३०० संख्यामा विद्यालय भवन तथा व्यक्तिगत घरमा क्षति पुगेको छ ।

## प्रभावित क्षेत्रमा राहत उपलब्ध गराउन माग

सुदूरपश्चिम प्रदेशसभाका सदस्यहरूले भूकम्पबाट प्रभावित क्षेत्रमा तत्काल राहत, उद्धार र पुनःस्थापनाको काम अघि बढाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

बुधबार बसेको प्रदेशसभा बैठकको शून्य समयमा प्रदेशसभाका अधिकांश सदस्यले भूकम्पमा परी मृत्यु हुनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको उपचार व्यवस्थापनका साथै प्रभावितको पुनःस्थापनमा ध्यान दिन माग गरे । मंगलबार बझाङ जिल्लामा गएको भूकम्पका कारण एक जनाको मृत्यु भएको छ भने २७ व्यक्ति घाइते भएका छन् । धेरै सरकारी र निजी भवन संरचनामा क्षति पुगेको छ ।

प्रदेशसभाका सदस्यले हालको अवस्थामा देखिएको आर्थिक मन्दीलाई महसुस गरेर कतिपय क्षेत्रमा अस्वाभाविकरूपमा लगाइएको करको दरमा पुनःविचार गर्न, सिकलसेल एनिमिया रोगीको प्रभावकारी उपचार व्यवस्थापन गर्न, किसानका समस्या समाधानमा ध्यान र बढ्दै गएको महँगी नियन्त्रण गर्न पनि ध्यानाकर्षण गराए । *रासस*

## मण्डनदेउपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रे
बागमती प्रदेश, नेपाल
फोन नं: ०११४१२११४

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०।०६।१८)

यस कार्यालयबाट प्रकाशित निम्न बोलपत्र सम्बन्धी सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा देहायका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत भई निम्न मिति र समयमा यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

**Project Title: FediChandeni Chap AapghariSadak**
**Contract No:01/Works/NCB/MDM/080/81**

| क्र.स. | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्र दाताको नाम/ठेगाना |
|---|---|
| 1 | Amarjyoti Construction Pvt .Ltd , Panauti-03, Kavre |
| 2 | DIVYASHOWI NIRMAN SEWA, Banepa-07, Kavre |
| 3 | Himalayan Cross-Mahakali J.V, Temal-05, Kavre |
| 4 | Moktan-Thamserku J.V, Temal-05, Kavre |
| 5 | Nabodita/ Everest J/V, Panauti-04, Kavre |
| 6 | PREMA- Diamond Shindhu JV, Urllabari Municipality-04, Morang |
| 7 | Rukmini/ RA J/V, Bhaktapur |
| 8 | U & S CONSTRUCTION, MajhiFedaKavre |

**Project Title: Nagarkot Naldum Sadak**
**Contract No:02/Works/NCB/MDM/080/81**

| क्र.स. | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्र दाताको नाम/ठेगाना |
|---|---|
| 1 | Amarjyoti Construction Pvt .Ltd , Panauti-03, Kavre |
| 2 | PREMA- Diamond Shindhu JV, Urllabari Municipality-04, Morang |
| 3 | T.S.N/BIPU J/V, Jorpati |
| 4 | Rukmini/ Fatikeshwor or JV, Bhaktapur |
| 5 | Moktan- JyangChup JV, Kavre |

**आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान**

मिति : २०८०।०६।२५ गते बिहीबार
समय : दिनको १:०० बजे
स्थान : मण्डनदेउपुर नगर कार्यपालिकाको कार्यालय, महादेवस्थान ।

**मण्डनदेउपुर नगरपालिका**

## मरिण गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८०/०६/१८)

वोलपत्र आह्वान सम्वन्धी सूचना अनुसार तपसिलको ठेक्काको लागि म्याद भित्र E-Bid मार्फत् दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ७ तथा Bid Document को Evaluation and Qualification Criteria बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका र प्रबिधिक मूल्यांकनमा सफल बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न अनुसारको वोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोलपत्र सम्बन्धी सूचना प्रकाशन मिति | बोलपत्र सम्बन्धी सूचना प्रकाशित पत्रिका | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|---|---|---|
| २०८०/०५/११ | आर्थिक राष्ट्रिय दैनिक | MRM/ Sindhuli/ Works/NCB/ 02/2080-081 | Upgrading of Thulo Garduwa-Khalanga-Kartike Road | श्री लक्की वान विल्डर्स एण्ड सप्लायर्स प्रा.लि-, कमलामाई-५, सिन्धुली | १,०५,३४,५३५.३९ |

प्रमुख प्रशासकीय अधिकृत

## हाम्रो त्रिवेणी बचत तथा ऋण सहकारी संस्था लि.
### Hamro Triveni Saving & Credit Co-Operative Ltd.
का.म.न.पा.-६, बौद्ध काठमाडौं, फोन नं. ०१-४९१२८९७, ४९१०५०८

### धितो लिलाम विक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८०/०६/१८

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी एवं धितो जमानीकर्ताले उपभोग गरेको ऋणको सावा ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई ऋण सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत तिर्न बुझाउनु पर्ने ऋणको सावा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाकी रहेको हुनाले यो धितो लिलाम सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्यादभित्र तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम विक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवम् ऋणी तथा जमानीकर्ताले संस्थाको लेना रकम ३५ दिनभित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको ३६ औं दिनमा प्राप्त बोलपत्र खोलिने छ । साथै लिलाम विक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफूले दिएको जमानतको घरजग्गा फिर्ता लिन ऋणको सावा, ब्याज, हर्जना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी सम्बन्धी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी ऋणीलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पत्ति यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम विक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा विक्री भई वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्री भई वा संस्था आफैले सकार गरी लियो भनी कहीकतै उजुरबाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस सस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

तपसिल

| सि.नं | ऋणीको तीनपुस्ते, नाम र ठेगाना | धन जमानी दिनेको तीन पुस्ते, नाम र ठेगाना |
|---|---|---|
| १. | **नाम : शम्भु थापा**<br>बुबा : टेक बहादुर थापा<br>बाजे : धिर बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५१४१४७/०५६ चितवन<br>जारी मिति: २०५६।०८।१७ | **नाम : उमा श्रेष्ठ थापा**<br>बुबा : नरेन्द्र कुमार श्रेष्ठ<br>पति : शम्भु थापा<br>ससुरा : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा.वडा नं. १२)<br>ना.प्र.न. ३५७३८२/१७६२ चितवन<br>जारी मिति: २०५९।०३।२४<br><br>**२. नाम : प्रेममति देवी थापा**<br>पति : टेक बहादुर थापा<br>ससुरा : धिर बहादुर थापा<br>ठेगाना: चितवन जिल्ला भरतपुर माहानगरपालिका<br>वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर गाविस वडा नं.१२ (ना.प्र.न. १५६० चितवन<br>जारी मिति: २०४५।०१।०७) |
| **धितोको विवरणः**<br>१. श्री शम्भु थापाको नाममा श्री मालपोत कार्यालय भरतपर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला मंगलपुर गाविस वार्ड नं.१ को कित्ता नं. १८८७ को जम्मा क्षेत्रफल १६९३.१५ वर्ग मिटर जग्गा र सो ले चर्चेको लिगलगापात समेत ।<br>२. श्री शम्भु थापाको नाममा श्री मालपोत कार्यालय माडी चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गर्दी गाविस वार्ड नं. ७ को कित्ता नं. १६३, १५३ र १५८ को क्षेत्रफल ३३८.६३, ४२३.२८ र ९३१.२१ वर्ग मिटर जम्मा जग्गा र सो ले चर्चेको लिगलगापात समेत ।<br>३. श्री प्रेममति देवी थापाको नाममा श्री मालपोत कार्यालय माडी चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गर्दी गाविस वडा नं.७ को कित्ता नं.१५५, १६० र १६५ को क्षेत्रफल ११७६.७२, ५७९९.०३ र ३८६०.३७ वर्ग मिटर जम्मा जग्गा र सो ले चर्चेको लिगलगापात समेत । | | |
| ४. | **नाम : गिता थापा**<br>बुबा : तेज बहादुर थापा<br>पति : ज्ञान बहादुर थापा<br>बाजे : हर्क बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१२ (साविक चितवन जिल्ला भरतपुर न.पा.वडा नं. १२)<br>ना.प्र.न. ४१९ चितवन<br>जारी मिति: २०४५।०३।२१ | **नाम : सुनिल थापा**<br>बुबा : ज्ञान बहादुर थापा<br>बाजे : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१२ (साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५/३५१०२५/६८) चितवन<br>जारी मिति: २०६७।०१।१५ |
| **धितोको बिवरणः** श्री गिता थापाको नाममा श्री मालपोत कार्यालय भरतपर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला भरतपुर गाविस वडा नं. ३ को कित्ता नं. ८२८९ को जम्मा क्षेत्रफल १६९.३० वर्ग मिटर जग्गा र सो ले चर्चेको लिगलगापात समेत । | | |

**शर्तहरू :**

१. बोलपत्र फाराम यस संस्थाको कार्यालयहरूबाट रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) मा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अकं र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्छ । बोलपत्र फाराममा आफूले लिन चाहेको अचल सम्पतीको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइनेछ ।
३. बोलपत्रमा आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको केन्द्रीय कार्यालयको नाममा रहेको **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.**को बौद्ध शाखामा रहेको खाता न 11101050001793 मा जम्मा गरेको सक्कल भौचर वा यस सस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम विक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको केन्द्रीय कार्यालय का.म.न.पा.पा. बौद्धमा कार्यालय सञ्चालन समयभित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनछ । साथै सोहि अवस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनू पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूजिगत लाभकर, पानी बत्ति बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
७. रित नपूगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पूर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरू रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाइने छैन ।
१०. उल्लेखित धितोपत्रहरूका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन बिदा परेमा सो को भोलपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिन दिउँसो कार्यालय सञ्चालन समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिनेछ । यदि ३५ औं दिनमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । ३५ दिनसम्म ऋणी वा धितोवालाले सस्थाको ऋण चूक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरू बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# संसद्कै भवनमा ढिलासुस्ती

**सरकारले कुनै काममा ढिलासुस्ती गरे खबरदारी गर्ने पहिलो जनप्रतिनिधि हो- सांसद । तर, त्यही सांसद बस्ने संसद् भवन भने पटक-पटक म्याद थप्दा पनि निर्माण पूरा हुन सकेको छैन । देशको प्रशासनिक केन्द्र सिंहदरबारमा रहेको पुतली बगैंचामा संघीय संसद्को भवन गत वर्षको असोज १५ गतेभित्र बनिसक्नुपर्ने थियो । दुईपटक म्याद थप्दा पनि भवन निर्माण पूरा हुन सकेको छैन । जसकारण वार्षिक १६ करोड रूपैयाँभन्दा बढी भाडा तिर्नुपर्ने भवनमा सदन चलाउन बाध्य छ संघीय संसद् ।**

**भवन निर्माणका लागि सरकार र निर्माण कम्पनी टुण्डी सेक ज्वाइन्ट भेञ्चरबीच सम्झौता भएको थियो । लगत्तै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो नेतृत्वको सरकार छँदै संसद् भवनको शिलान्यास गरेका थिए ।**

**संसद् भवन चाँडो बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल र सभामुख देवराज घिमिरेले पनि यसअघि नै ताकेता गरेका थिए । तर, भवन निर्माणको गति भने कछुवा गतिमा चलिरहेको छ । निर्माण कम्पनीले पहिलो तीन वर्षे म्यादमा कोरोना महामारीलाई दोष दिएर एक वर्षको म्याद मागेको थियो । उक्त म्याद नाघ्दा भवन निर्माणको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६७ प्रतिशतमात्रै छ । यसरी नै कामको प्रगति ढिला भए वर्ष दिनमा पनि भवन निर्माण नसकिने बताइएको छ ।**

**सरकारी संरचनाहरू निर्माणका क्रममा सस्तो ठेक्कालाई प्राथमिकतामा राखिन्छ । मापदण्डमा ख्याल नगरी सस्तो बजेटले गर्दा दुःख पाउने पुरानै प्रवृत्ति हो । यसपटक संसद भवन निर्माणका लागि अनुमानित खर्च छ अर्ब ९२ करोड रूपैयाँ गरिएको थियो । तर, सरकारले पाँच अर्ब दुई करोड रूपैयाँमा सम्झौता गर्‍यो । अर्थात् झण्डै दुई अर्ब रूपैयाँ कममै ।**

**टेण्डरको क्रममा बोलकबोल हुँदा प्रतिस्पर्धाको हिसाबले सबैभन्दा उत्तम मूल्यलाई सरकारले ध्यान दिनुपर्ने हो । तर, सरकारले मूल्यमा सम्झौता गर्दा यस्ता परियोजनाहरूको निर्माण ढिला हुने गरेको पुरानै रोग हो । सेटिङजस्तो गम्भीर रोगका कारण सरकारले सम्झौता गरेको पुल होस् या सडक अथवा भवनहरू तोकिएको समयमा निर्माण सम्पन्न भएको घटनाहरू विरलै छन् ।**

**समस्या समाधानका लागि सदनमा टेबल ठटाउने र आवाज बुलन्द बनाउने सांसदहरूले आफ्नै भवन निर्माणमा भने न त टेबल ठटाउन पाएका छन् न त आवाज उठाउन नै । प्रक्रिया र सम्झौता नै निरीह भए पनि सांसदहरूले पनि के भन्ने ? नीतिगतरूपमा कमजोर भएपछि न त प्रधानमन्त्रीले नै बोल्न सक्छन् । त्यसैले सकेसम्म ठेक्का प्रणालीमा सेटिङको अन्त्य नभएसम्म यस्तो समस्या दोहोरिन्छ नै ।**

# विश्व पशु दिवस र यसको महत्त्व



डा. केदार कार्की

मानिस एकस्वार्थी प्राणी हो, जसले सबै सीमाहरूलाई बेवास्ता गर्दै पृथ्वीको पूर्ण शोषण गरेको छ । आज मानिसले पृथ्वीमा रहेका धेरै जीवजन्तु र प्राकृतिक तत्त्वहरूलाई नष्ट गरिदिएको छ, साथै धेरै प्रजातिका जीवजन्तु र बोटबिरूवाहरु, धेरै प्रजातिहरु लोप भइसकेका छन् र कतिपय लोप हुने अवस्थामा छन्। यी सबै विषयमा ठोस कदम चालिएन भने चाँडै पृथ्वीमा मानव जीवन पनि समाप्त हुनेछ । यस्तो अवस्थामा पृथ्वीमा सन्तुलन कायम राख्न पशु, वनस्पति र पक्षीसँग सन्तुलन कायम गर्न जरूरी छ ।

मानव जीवन धेरै हदसम्म जनावर र पक्षीहरूमा निर्भर छ । मानिस र जनावरबीचको अन्तरनिर्भरताबारे मानिसहरूलाई सचेत गराउन हरेक वर्ष अक्टोबर ४ मा विश्व पशु दिवस मनाइन्छ । यो दिन संसारभरि जनावर हरूको कल्याणको बारेमा चेतना जगाउन समर्पित छ । यो दिवस मनाउने उद्देश्य संसारभरका जनावरहरूको अवस्था सुधार गर्नु हो । अर्को प्रमुख उद्देश्य विश्व पशु दिवसमार्फत पशु कल्याण आन्दोलनलाई एकताबद्ध गर्न मानिसहरूलाई सचेत गराउनु हो । यसको एक उद्देश्य यस पृथ्वीलाई जनावरहरूका लागि राम्रो ठाउँ बनाउनु हो ।

मानव जीवन धेरै हदसम्म जनावरहरूमा निर्भर छ र तिनीहरूसँग पनि जोडिएको छ । मानव र जनावरबीचको अन्तरनिर्भरताप्रति जनचेतना अभिवृद्धि गर्न हरेक वर्ष विश्व पशु दिवस मनाइन्छ । विश्व पशु दिवस एक वार्षिक कार्यक्रम हो, जुन हरेक वर्ष अक्टोबर ४ मा हुन्छ । यो दिन संसारभरका जनावरहरूको कल्याणका लागि चेतना जगाउन समर्पित छ ।

**विश्व पशु दिवसको इतिहासः**

विश्व पशु दिवस सन् १९२५ मा सुरु भयो, जब हेनरिक जिम्मरम्यानले बर्लिनमा पहिलोपटक यस्तो उत्सव आयोजना गरे । त्यसपछि यो दिन एक विश्वव्यापी कार्यक्रमको रूपमा विकसित भयो जुन सबै उमेरका र जीवनका सबै क्षेत्रका मानिसहरूले मनाउँछन् । यस अवसरमा हरेक वर्ष विश्वभर विभिन्न कार्यक्रम आयोजना गरिन्छ । यी कार्यक्रमहरूमा साना-ठूला भेलाहरूदेखि ठूला-ठूला चाडपर्वसम्म समावेश छन् । विश्व पशु दिवस मूलतः जर्मन हेनरिक जिम्मरम्यान (१८८७-१९४२) द्वारा मार्च २४, १९२५ मा आयोजना गरिएको थियो । उनी एक लेखकमात्र थिए, तर उनले मेन्स्च एण्ड हण्ड (मानिस/कुकुर) नामक द्वि-मासिक पत्रिका पनि प्रकाशित गरे, यो पत्रिकालाई पशु कल्याणको बारेमा आफ्ना विचारहरू प्रवर्द्धन गर्न एक माध्यमको रूपमा प्रयोग गरिएको थियो र विश्व पशु दिवस समिति स्थापना गर्न प्रयोग गरिएको थियो। ।

उनको समितिले सन् १९२५ मार्च २४ मा जर्मनीको बर्लिनमा भएको स्पोर्ट्स कपमा तत्कालीन पशु कल्याणका विषयमा जनचेतना जगाउने उद्देश्यले विश्व पशु कल्याण दिवसको आयोजना गरेको थियो र पहिलो कार्यक्रममा पाँच हजार मानिसको सहभागिता थियो । घटना जुन ४, एसिसीको सेन्ट फ्रान्सिसको पर्वको दिनसँग मेल खायो । एसिसीको फ्रान्सिसले आफ्नो वरपरका जनावरहरूको दुर्दशा आफ्नै आँखाले देखे र तिनीहरूको पीडा कम गर्न चाहन्थे ।

यसपछिका वर्षहरूमा यो कार्यक्रम प्रत्येक वर्ष आयोजित भएको थियो र सन् १९२९ मा, यो ४ अक्टोबरमा आयोजना भएको थियो । अन्ततः सन् १९३१ मा इटालीको फ्लोरेन्समा भएको अन्तर्राष्ट्रिय पशु संरक्षण सम्मेलनमा ४ अक्टोबरलाई विश्व पशु दिवसका रूपमा मनाउने प्रस्ताव पारित भएको थियो ।

**विश्व पशु दिवसको महत्वः**

यस दिनले मानिसहरूलाई भेला हुने र पशु कल्याणका लागि आफ्नो समर्थन देखाउने अवसर दिन्छ । हाम्रो वरपरका जनावरहरूले आफ्नो दैनिक जीवनमा के-कस्ता कठिनाइहरू सामना गर्छन् भनेर जान्न हाम्रा लागि महत्त्वपूर्ण छ । यसदिन हामी जनावरहरूले सामना गर्नुपर्ने कठिनाइहरूमा ध्यान दिन्छौं र जनावरहरूको कल्याणका लागि के कदम चाल्न सकिन्छ भनेर निर्णय गर्छौं । तपाईं पशुप्रेमी हुनुहुन्छ वा होइन, यी मुद्दाहरूलाई विश्व पशु दिवसमा विचार गर्नुपर्छ ।

**किन मनाइन्छ पशु दिवसः**

जनावरहरूको जीवन बचाउन र तिनीहरूको बारेमा चेतना फैलाउन विश्व पशु संरक्षण दिवस मनाइन्छ । यसको मुख्य कारण यी थोपाहरूबाट बुझ्न सकिन्छः

जनावरहरूप्रति मानव क्रूरता बन्द गर्न, प्रकृतिले जनावरहरूका लागि प्रदान गरेको बासस्थान (जंगल)को संरक्षण, जनावरहरूलाई बुझ्न र आदर गर्न, जनावरहरूको जीवनशैली सुधार गर्न, पशु चिकित्सा र संरक्षण प्रवर्द्धन गर्न, लोपोन्मुख प्रजातिहरूको संरक्षण गर्ने प्रतिबद्धता वन जीवनको नियन्त्रण र संरक्षण गर्न आदि ।

विश्व पशु दिवसको अवसरमा विश्वभर पशु जनचेतनामूलक कार्यक्रम, पशु क्रूरता र उत्पीडन रोक्न अभियान, म्याराथनलगायतका कार्यक्रम आयोजना गरिन्छ । यसबाहेक घरपालुवा जनावर पाल्ने, घरबारविहीन जनावरहरूलाई आश्रय दिनेजस्ता कार्यहरू पनि गरिन्छ, घरपालुवा जनावर र उनीहरूको आवश्यकताको लागि केही सहयोग पनि गर्न सकिन्छ । यतिमात्र होइन, धेरै सम्मेलन र सेमिनारहरू पनि मानिसहरूलाई पशु संगठनहरू र जनावरहरूका लागि बनेका अन्य कानुनबारे बताउनका लागि आयोजना गरिन्छ ।

**कसरी मनाउने ?**

यदि तपाईं विश्व पशु दिवसमा सहभागी हुन चाहनुहुन्छ भने, जनावरहरू राख्ने, तिनीहरूको व्यापार गर्ने, आश्रयस्थलबाट जनावरहरूलाई ग्रहण गर्ने र तिनीहरूलाई राम्रोसँग हुर्काउने वाचा लिनुहोस् ।

पशु आश्रय, वन्यजन्तु पुनर्वास केन्द्र वा स्थानीय उद्धार संस्थामा जनावरहरूका लागि स्वेच्छिक रूपमा एक दिन बिताउनुहोस् । यसले जनावरहरूको जीवन र पालनपोषणमा आमूल परिवर्तन ल्याउँछ र तपाईंको मनमा जनावर हरूप्रति सहानुभूति जगाउँछ ।

जनावरहरूले सामना गर्ने समस्याहरू बुझ्नका लागि पर्याप्त प्रशिक्षण प्राप्त गर्नुहोस्, सामान्य र गम्भीर दुवै । यदि तपाईं प्रशिक्षित हुनुहुन्छ भने, तपाईंको सन्देश अन्य साथीहरूसँग समावेश गर्नुहोस् र सोशल मिडियामा सार्वजनिक गर्नुहोस् ।

क्रूरता-मुक्त अभ्यासहरू पछ्याउने र जनावरहरूमा कुनै अनैतिक परीक्षण सञ्चालन नगर्ने कम्पनीहरूबाट उत्पादनहरू किन्नुहोस् ।

सकेसम्म बोटबिरुवामा आधारित खाना खाने प्रयास गर्नुहोस् । यदि तपाईं मांसाहरी हुनुहुन्छ भने । त्यसैले महिनामा एकपटक मात्र योजनाबद्ध रूपमा मांसाहारी खाना खानुहोस् ।

वातावरण संरक्षणमा जनावरको आवश्यकता भए पनि वायुमण्डलमा रहेको कार्बन र नाइट्रोजनको सन्तुलन कायम राख्न पनि उनीहरूको योगदान महत्त्वपूर्ण मानिन्छ । पूर्वी सभ्यताले जनावरहरूलाई विशेष महत्त्व दिन्छ । हिन्दू धर्मका अनुयायीहरूमा देवताको प्रतीकको रूपमा पशुको पूजा गर्ने चलन छ ।

सवारीसाधनमा सवार देवताको रूपमा विभिन्न जनावर तथा विभिन्न देवताको पूजा गर्ने चलन छ । विशेषगरी पशुपक्षीमा तिहारमाको महत्त्व बढेको छ । तिहारमा काग, कुकुर, गाई र गोरुलाई देवताको रूपमा पूजा गर्ने चलन छ । हिन्दू धर्ममा गाईको पूजा वा दानलाई सबैभन्दा शुभ दिनसँग तुलना गरिन्छ र पछिल्लो समय गाईको पूजाको संरक्षण हुन सकेको छैन । राष्ट्रिय जनावर गाईजस्ता जनावरप्रतिको मानवीय व्यवहार क्रूर बन्दै गएको छ । दूध दिनुअघि गाई पाल्ने र दूध दिएपछि सडक छोड्ने प्रवृत्ति गाई संरक्षणमा चुनौती बनेको छ ।

पृथ्वीमा जीवनलाई कायम राख्नका लागि जनावर र मानिसबीच सन्तुलन हुनु अत्यन्त जरुरी छ, किनभने खाद्य शृंखला र इकोसिस्टमका लागि यो आवश्यक छ, यदि त्यस्तो नभएको भए पृथ्वीमा जीवनको कल्पना गर्न पनि गाह्रो हुने थियो । सुरुदेखि नै मानिस एक असाध्य स्वार्थी प्राणी हो, जसले सबै सीमाहरूलाई बेवास्ता गर्दै पृथ्वीको पूर्ण शोषण गरेको छ ।

आज मानिसले पृथ्वीमा रहेका धेरै जीवजन्तु र प्राकृतिक तत्त्वहरूलाई नष्ट गरिदिएको छ, साथै धेरै प्रजातिका जीवजन्तु र बोटबिरुवाहरू, धेरै प्रजातिहरू लोप भइसकेका छन् र कतिपय लोप हुने अवस्थामा छन्।यी सबै विषयमा ठोस कदम चालिएन भने चाँडै पृथ्वीमा मानव जीवन पनि समाप्त हुनेछ । यस्तो अवस्थामा पृथ्वीमा सन्तुलन कायम राख्न पशु, वनस्पति र पक्षीसँग सन्तुलन कायम गर्न जरुरी छ ।

*(लेखक वरिष्ठ पशुचिकित्सक हुन्)*

## मननयोग्य

### चाणक्य नीति

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिंदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए । समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए ।

निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो । क्रमशः

पत्र-मञ्जुषा

# यातायात क्षेत्रको बेथितिमा सरकारको बेवास्ता

हिन्दूहरूको महान चाड दसैं दैलोमै आइसकेको छ । दसैं नजिकिएसँगै काठमाडौं उपत्यकाका विभिन्न स्थानमा घर जानेहरूको भीड देखिएको छ । कलंकी, कोटेश्वर, नयाँ बसपार्क, बल्खुमा झोला र बालबच्चा बोकेर घर हिंडेका आमसर्वसाधारणको चाप छ । विगतको जस्तै उभिएर, झुण्डिएर, नक्कली सीटमा बसेर घर जानुपर्ने हो कि भन्ने चिन्ताले सर्वसाधारणलाई पिरोलेको छ ।

दसैं आउनेबित्तिकै यातायात व्यवसायीको भाडामा मनोमानी हुन्छ । पाँच सयको बाटोमा १५ सय रूपैयाँ असुलिदिन्छन् । सबैलाई घर जानुपरेको हुन्छ, नतिरीकन सुखै छैन । दसैं आउन केही दिनमात्र बाँकी छ तर, सरकारको ध्यान अग्रिम टिकट खोल्नतर्फ गएको छैन । यो वर्ष पनि दुःख पाइने भो भनेर सर्वसाधारणले अड्कलबाजी लगाउन थालिसकेका छन् । यातायात व्यवसायीहरूले सार्वजनिक सवारीसाधनको भाडा नबढाएसम्म अग्रिम टिकट खोल्ने अडान लिएका छन् ।

उनीहरू यातायात मन्त्रालय र यातायात व्यवस्था विभागलाई घुँडा टेकाउने पक्षमा छन् । हरेक वर्ष दसैं आउनेबित्तिकै यातायात व्यवसायीको यही नौटंकी हुन्छ । भाडा नबढाएसम्म टिकट नखोल्ने भन्ने अनि सरकारलाई घुँडा टेकाउने । चाडबाडको बेलामा सर्वसाधारण जहिले मर्कामा पर्छन् । उनीहरूको उद्देश्य सरकारलाई घुँडा टेकाउने र जनता ठग्ने हो । यातायात व्यवसायीहरूले वर्षौंदेखि सरकार र यात्रुलाई लाचार बनाउँदै आएका छन् ।

तर, उनीहरूको ठगी र दादागिरीको विरोधमा न जनताले आवाज उठाउन सक्छन् न सरकारले कुनै 'एक्सन' लिन सकेको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र सार्वजनिक यातायात केन्द्रीय महासंघले सरकारलाई उठबस गर्न लगाइरहेका छन् । दुईटा महासंघ जहिले पनि मोलमोलाई गरिरहेको हुन्छ, सरकार चुपचाप पूरा गर्दै जान्छ । महासंघले देशभरको बाटो कब्जा गर्दासमेत सरकारले चुइँक्क आवाज निकाल्न सकेको छैन ।

अरुबेला उनीहरूले देखाएको दादागिरी यात्रुले चुपचाप सहँदै आएका छन् । चाडबाडको मुखमासमेत यात्रुको निरीहताको फाइदा उठाउनु कतिसम्म लज्जास्पद विषय हो । सरकारले यातायात व्यवसायीसँग लिनुपर्ने ३२ वटा चीजमा ३५ वर्षदेखि राजस्व बढेको छैन । त्यो बढाउन सरकारको दाँतबाट पसिना छुट्छ । यातायात व्यवसायीले यात्रुसँग बढी भाडा लिएर दैनिक १८ करोड रूपैयाँ ठग्छन् ।

२० वर्षे थोत्रा गाडी चलाएर जनता मार्ने काम भइरहेको छ । विडम्बना, सरकार टुलुटुलु हेरेर बसिरहेको छ । दशकौंदेखिको सिण्डिकेट अझै पनि कायमै छ । कालो र हरियो प्लेटको ट्याक्सी, फो-स्टक टेम्पो, ढुवानी गाडीको नयाँ दर्ता चार दशकदेखि बन्द छ । अनि सरकार कहाँ छ ? सधैं व्यवसायीकै पक्षमा काम गरिरहने ? व्यवसायीले बोलेको सुन्ने सरकार जनताको कुरा सुन्न चाहँदैनन् । जनताप्रति सरकार उत्तरदायी नै छैन ।

थोत्रा, कबाडी गाडीमा ज्यान जोखिममा राखेर यात्रा गर्नुपर्ने बाध्यताले यो वर्ष पनि यात्रुलाई नछोड्ने भएको छ । यातायात व्यवसायीलाई पैसा भए, पुगिहाल्यो । सरकार जनताप्रति जिम्मेवार नहुँदा पटक-पटक दुर्घटनामा परेर कतिको घरमा रुवाबासी चल्ने हो ? भन्न सकिँदैन । हरेक वर्ष दसैंमा गाडी दुर्घटनामा पर्छ । तर, सरकारलाई मतलब नै छैन । सरकार जनता मरेपछि टाउको गन्छ तर पूर्वसतर्कता अपनाउनमा चासो देखाउँदैन ।

दसैं नजिकिसकेको छ, अझै पनि गाडीको कण्डिसन चेकजाँच गर्न सुरु गरिएको छैन । यातायात व्यवसायीले अन्तिममा थोत्रा, कन्डिसन ठीक नभएका सवारीमा यात्रा गराउँछन् । यातायात व्यवसायीहरूले सरकारको ऐनकानुनलाई धोती लगाउँदै आएका छन् । ऐनकानुन नमान्ने, बढी भाडा लिने, दादागिरी देखाउने, सरकारलाई लाचार बनाउने त यातायात व्यवसायीको खुबी नै हो ।

फेरि देशको सरकार पनि त्यस्तै छ, निरीह । यातायात व्यवसायीको अगाडि चुइँक्क आवाज निकाल्न सक्दैन । सरकारले संस्था ऐन, २०३४ अन्तर्गत दर्ता भएको ३०७ वटा यातायात समिति खारेज गर्‍यो । संस्था ऐन, २०१८ अन्तर्गत दर्ता भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ पनि खारेज गर्‍यो । तर, जतिबेला पनि त्यही महासंघले भनेको सुन्छ । उक्त ऐनमा संस्था खारेज भएपछि त्यसको नाममा भएको चलअचल सम्पत्ति सरकारको हुने भनेर स्पष्ट लेखिएको छ ।

यद्यपि, सरकारले त्यो पनि गर्न सकेन् । यातायात व्यवसायीहरूले अहिले पनि गाडी हाल्ने धनीसँग दुईदेखि १५ लाख रूपैयाँ असुल्दै आएका छन् । नयाँ गाडी बेच्ने कम्पनीसँग कमिसन खान्छन् । बिमा कम्पनीबाट पनि कमिसन लिन्छन् । गाडी दुर्घटनामा परेर यात्रु मरे पनि बिमाबापत आउने रकम कागजात मिलाएर खाइदिन्छन् । मरेको मान्छेको आफन्तले किरिया खर्चबाहेक केही पाउँदैनन् ।

यातायात क्षेत्रको यो बेथिति नियन्त्रणमा सरकारले किन ध्यान दिँदैन ? यसको जवाफ जनताले पाउनैपर्छ ।

**– अनुसा थापा, भक्तपुर**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# गोरखामा आमाको नामबाट नागरिकता

**गोरखा–** जिल्ला प्रशासन कार्यालय गोरखाले आमाको नामबाट वंशजका आधारमा नागरिकता प्रदान गर्न सुरु गरेको छ । सो कार्यालयले मंगलबार भीमसेन थापा गाउँपालिका-१, मसेलका १९ वर्षीय मञ्जित बानियाँलाई आमाका नामबाट वंशजका आधारमा नागरिकता प्रदान गरी जिल्लामा पहिलोपटक आमाको नामबाट नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिए ।

उमेर पुगेर पनि नागरिकता बनाउन नपाएका बानियाँलाई आमाको नामबाट वंशजका आधारमा प्रदान गर्ने गरी गृह मन्त्रालयले गरेको परिपत्रअनुसार नागरिकता प्रदान गरिएको हो । नेपाल सरकारबाट नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० जारी भएपछि कार्यालयबाट आमाको नामबाट पनि नागरिकता वितरण गर्न सुरु गरिएको प्रजिअ भुसालको भनाइ छ ।

नयाँ नियमावलीको व्यवस्थाअनुसार १६ वर्ष उमेर पुगेका र बाबुको पहिचान नभएका व्यक्तिले आमाको नामबाट पनि नेपाली नागरिकताको प्रमाणपत्र पाउने व्यवस्था रहेको उनले बताए । आमाको नामबाट नागरिकता पाउन निवेदक र निवेदकका आमाले बुबाको पहिचान नभएको स्वघोषणासहित जन्मदर्ता, आमाको नेपाली नागरिकता, आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, वडा कार्यालयको सिफारिससहित प्रशासनमा निवेदन दिनुपर्नेछ ।

त्यस्तै वडाध्यक्ष वा वडाध्यक्षले तोकेका जनप्रतिनिधि र निवेदकसँग सम्बन्धित दुईजनाले प्रशासनमा आएर सनाखत गरेपछि नागरिकता प्रदान गरिने उनले बताए । यसअघि बाबुको नागरिकता अनिवार्य रहेकामा नियमावली संशोधन भएपछि बाबुको पहिचान नभएका व्यक्तिलाई पनि आमाका नामबाट नेपाली नागरिकता वितरण गर्न सुरु गरिएको हो । *रासस*

# राष्ट्रभाषा ऐन संशोधनसहित कार्यान्वयनमा जोड

**मकवानपुर (प्रस)–** बागमती प्रदेशमा राष्ट्रभाषा ऐन संशोधनसहित कार्यान्वयन गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । प्रदेश सरकारले बनाएको उक्त ऐनको सम्बन्धमा प्रदेश सदस्यहरूसँगको छलफलमा सहभागीहरूले सो कुरामा जोड दिएका हुन् ।

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, नेवाः देय् दबु स्वनिगः विशेष प्रदेश र नेपाल तामाङ घेदुङ बागमती प्रदेशको संयुक्त आयोजनामा भएको छलफलमा प्रदेशसभामा प्रस्तुत बागमती प्रदेशको प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक-२०८० को व्यवस्था, संशोधनको व्यहोरा, संशोधनको कारण र आधारसहितको संशोधन प्रस्तावबारे प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रममा भाषा आयोगका सदस्य अमृत योञ्जन, भाषाविज्ञ प्राडा ओमकारेश्वर श्रेष्ठ, अधिवक्ताद्वय शंकर लिम्बू र नरेश श्रेष्ठ तथा नेवाः देय् दबु स्वनिगः उपत्यका प्रदेश सदस्य श्रीकृष्ण महर्जनले कार्यपत्र प्रस्तुत गरेका थिए । बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले छोटो समयमा धेरै मिहेनत गरेर भाषासम्बन्धी विधेयक ल्याएको जनाउँदै आवश्यक संशोधन गर्न सकिने बताइन् ।

'हामीले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक दुई महिनाभित्रै बनायौं,' उनले भनिन्, 'जाति, भाषा, सामाजिक मोर्चा र संस्थासँग छलफल गरेर सुझाव लियौं र संस्थागतसँगै व्यक्तिगत सुझाव लिएर डेढ महिनामा खाका बनायौं ।' भाषा विधेयकलाई पूर्णता दिन लिपिको कुरा चलेको जनाउँदै उनले त्यसलाई भाषा कानुनभित्र राखेर जाँदा राम्रो हुने जिकिर गरिन् । उनले विधेयक सदनमा पेस भएपछि प्रदेशसभा र पास भएपछि राज्यको सम्पत्ति बन्ने भन्दै भावी पुस्ताले गर्वलायक बन्नेमा जोड दिइन् ।

प्रदेशका पूर्वउपसभामुख राधिका तामाङले भाषा विधेयकलाई पूर्ण बनाउने र प्रभावकारी बनाउने सरकार, प्रदेश सदस्य, आदिवासी जनजाति संघसंस्था र अगुवासँगै प्रदेशवासीको जिम्मेवारी रहेको बताइन् । प्रदेशको भाषाबारे सोचाइ साँघुरो बनाउन नहुने भन्दै उनले फराकिलो सोच बनाएर अघि बढे भाषाको कार्यान्वयन र विकास हुने दाबी गरिन् ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले भाषा ऐन बनाउँदा सरल भाषामा बनाउनुपर्नेमा जोड दिँदै वा, अनि, अथवा जस्ता शब्द सकेसम्म राख्न नहुने बताए । प्रदेशसभा सदस्य सरल सहयात्रीले विद्यालयमा भाषा पढ्ने वातावरण बनेमा भाषा दीर्घकालीन रूपमा संरक्षण हुने भन्दै भाषा आयोगले सरलीकरण गर्नुपर्ने तर्क गरे ।

प्रदेश सदस्य श्रीराम लामिछानेले भाषा संरक्षणसँगै आर्थिक, सांस्कृतिक र रहनसहनलाई पनि भाषा कानुनमा समेट्न सके समृद्धिमा सहयोग पुग्ने बताए । अर्का सदस्य प्रेमभक्त श्रेष्ठले आउँदो पुस्ताका लागि रञ्जना लिपिबारे सचेतना जगाउन भाषा कानुनमा व्यवस्था गर्नुपर्ने बताए । अर्का प्रदेश सदस्य रमा आले मगरले ऐन बनाउनु स्वागतयोग्य भए पनि नेवार र तामाङसँगै सुरेल, हायु, सुनुवारलगायतको भाषाको संरक्षणमा पनि कानुनमा व्यवस्था गर्नुपर्नेमा जोड दिइन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLD CHANG KEE MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१७ LT. No.270768 चलानी नं.६०१८६९३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६३३/०६३/०६४

**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**

Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-4116653/ 4116654

E-mail: ziaintls@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१७ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Womens Clothes Sales / Sales Girl | 0 | 2 | 135 | ५८,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES

पुर्व स्वीकृति मिति २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१७ LT. No. 278288 चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,

Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329

E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१७ LT. No. 286347 चलानी नं.६०२०१७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 100 | 0 | 130 | ५६०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SUPERVISIOR | 30 | 0 | 200 | ८५१८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GB PLAS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१० पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१७ LT. No. 283250 चलानी नं. ६०१९८८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HUNG THONG FOOD TECHNOLOGY

पूर्व स्वीकृति मिति २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१७ LT. No. 281881 चलानी नं. ६०१९७६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**

Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : IEC PLANT ENGINEERING SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०६/१४ LT. No. : 293339 चलानी नं.: ६०२०८६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NOVA FRP SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/१६ LT. No. : 293402 चलानी नं.: ६०२०८६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LONG STAR POLYMER SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/२० पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१७ LT. No. : 266284 चलानी नं.: ६०१८२४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**

Samakhusi-14, Tokha, Kathmandu, Nepal

Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MSP PET INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१७ LT. No. 271472 चलानी नं. ६०१८७४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 1 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AMINDO PACKAGING INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०६/१७ LT. No. 293477 चलानी नं. ६०२०८६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANFASH CORPORATION FOR CAR SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT No :293374 चलानी नं. ६०२०८४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaner | 4 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL FALAK MANPOWER SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT No :293290 चलानी नं. ६०२०८४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 16 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MARGA DARSHAN HUMAN RESOURCE श्रम ईजाजत नं. १६११/०७९/८०

**MARGA DARSHAN HUMAN RESOURCE PVT. LTD.**

Tokha 5, Basundhara, Kathmandu, Tel: 01-4971666, Mobile: 9851003483, 9851082446

Email: info@margadarshanhr.com.np, Web: www.margadarshanhr.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALAM HYPERMARKET

पूर्व स्वीकृति मिति २०८०/०६/१६ LT. No. 293429 चलानी नं. ६०२०८६२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 5 | 1300 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 330/059/60

**Kaushik Janashakti International Pvt. Ltd.**

Sinamangal-9, Tara Hall Chowk, Kathmandu, Nepal

Tel: 01-4592279 9818544314

Mobile: 9851005829, 9851060649, 9808059185

Email : hrkaushikjanashakti@gmail.com

Website: www.kjinepal.com

# प्रभाव दैनिक

बिहीबार, १८ असोज २०८० (Thursday, October 5, 2023)





## कृष्णको 'रातो टिकी'

गायक कृष्ण विकको नयाँ गीत 'रातो टिकी' सार्वजनिक भएको छ । सुरेश अधिकारीको शब्द, संगीत रहेको गीतमा कृष्णलाई स्वरमा मेलिना राई र रेखा जोशीले साथ दिएका छन् । गीतको भिडियोमा राजेश हमाल, दिलिप रायमाझी, केकी अधिकारी, निता ढुंगाना र घनश्याम जोशीको अभिनय छ । जीबी आग्रीको निर्देशन रहेको भिडियोको कोरियोग्राफी कविराज गहतराजले गरेका हुन् । सन्देशमुलक गीतको भिडियोले एकल महिलाको चाहनाको पक्षलाई उठान गरेको छ । गोपाल रायले खिचेको भिडियामा विपिन मल्लको सम्पादन र मनोज श्रेष्ठको भीएफएक्स रहेको छ ।



# पौडेलको 'वेलकम आरोह अवरोह' बजारमा






■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा विज्ञापन क्षेत्रका जानकार एवं व्यवसायी निर्मलराज पौडेलको पुस्तक 'वेलकम आरोह अवरोह' सार्वजनिक भएको छ । आत्मकथामा आधारित सो पुस्तकमा उनका आफ्ना भोगाइका अतिरिक्त नेपालको सञ्चार क्षेत्रको अवस्था, विज्ञापन निर्माण र यसको बजारलगायतका विषय समेटिएको छ ।

घोस्ट राइटिङ नेपालले प्रकाशन गरेको पुस्तकमा लेखक पौडेलले ऊ बेलाको काठमाडौं उपत्यकाको भौगोलिक तथा सामाजिक अवस्थाको पनि चित्रण गरेका छन् । साथै पुस्तकमा नेपालमा नेपालमा विगत लामो समयदेखिको आमसञ्चार क्षेत्रको अवस्था र चुनौतीका साथै विज्ञापन निर्माण र वितरणको विगतको अवस्था र अवधारणा प्रस्तुत गरिएको छ ।

विज्ञापन व्यवसायी एवं नेपाल विज्ञापन एजेन्सी व्यवसायी सङ्घको अध्यक्ष समेत रहेर काम गरिसकेका उनले पुस्तकमा व्यावसायिक जीवनका आरोह-अवरोह, विज्ञापनलाई समाजले हेर्ने दृष्टिकोण र विज्ञापन व्यवसायमा आफूले भोग्नुपरेका सफलता, असफताका कथाहरू पनि समेटेका छन् ।

लेखक पौडेलले विज्ञापन क्षेत्रमा नयाँपन ल्याउने आफ्नो प्रयाससँगै आफूले जाने भोगेका विषयवस्तुलाई सार्वजनिक गरी नेपालको सञ्चार तथा विज्ञापान क्षेत्रमा लागिरहेका र यस क्षेत्रमा लाग्ने आगामी पुस्ताले हासिल गर्नुपर्ने ज्ञानका कुरालाई पनि पुस्तकमा सकेसम्म समेटेको बताए ।

पुस्तकमा क्लिन फिडको अवधारणा, बाढीपीडितका लागि गरिएको पहिलो 'एसएमएस क्याम्पियन', भूकम्पका बेला विदेशमा रहेका नेपालीबाट एक डलर र स्वदेशमा रहेकाहरूबाट रु एक सय संकलनको अवधारणा र यसले पुऱ्याएको सहयोगको प्रसङ्ग पनि राम्रोसँग उल्लेख गरिएको छ ।

यसैगरी तत्कालीन सञ्चारकर्मी (हाल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति) रवि लामिछानेसँगको सहकार्यमा टेलिभिजनमा भएको 'म्याराथन टक सो', 'बुद्ध वाज बर्न इन नेपाल'अभियानमा १० लाखजनाको हस्ताक्षर संकलन अभियान र सो हस्ताक्षरलाई संयुक्त राष्ट्रसङ्घमा बुझाइएको प्रसङ्ग पनि पुस्तकमा समेटिएको छ । यस आत्मकथामा लेखक पौडेलले कलाकारितादेखि विज्ञापन व्यवसायसम्मको आफ्नो जीवनको यात्रालाई रोमाञ्चक ढङ्गले समेटेका छन् ।

पौडेलले आफ्नो व्यवसायका शिलशिलामा करिब छ सयभन्दा बढी विज्ञापन निर्माण गरेका अनुभवको बयान गरी पछिल्लो समयमा आएर फेरिएको विज्ञापन शैलीका बारेमा पनि उल्लेख गरेका छन् । लेखक पौडेलले पुस्तकको पहिलो प्रति सोमबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएपछि पुस्तक सार्वजनिक गरेका हुन् ।

## 'वानर सेना'को दोस्रो गीत सार्वजनिक

**काठमाडौं (प्रस)** अर्पण गिरी (अरमान जंग)को डेव्यु निर्देशनमा निर्माण भएको फिल्म 'वानर सेना'को दोस्रो गीत सार्वजनिक गरिएको छ । 'तिम्रो जुनेली रूप' बोलको गीतमा फिल्मका मुख्य कलाकार अर्पण गिरी (अरमान जंग) र आरजु प्रसाई फिचर्ड छन् । सार्वजनिक गीतको भिडियोमा उनीहरूलाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ ।

फिल्मको सार्वजनिक गीतमा निर्देशक गिरीको शब्द रचना तथा स्वर अनि जोन तामाङ र निर्देशक गिरीको संगीत रहेको छ । फिल्मको कथा पौराणीक रहेकाले पनि दशैंको अवसरमा रिलिज गर्न लागेको जानकारी निर्माण टिमले दिएको छ । फिल्मको यसअघि सार्वजनिक टिजरले दर्शकमाझ राम्रो छाप छोडेको दाबी निर्देशक गिरीको छ ।

गिरी ग्राण्ड फिल्मस्को प्रस्तुतीमा निर्माण भएकको फिल्ममा निर्देशक अर्पण गिरी (अरमान जंग), आरजु प्रसाई, किशोर खतिवडा, सुरवीर पण्डीत, अर्जुन गुरुङ, किशन बाबु बस्नेत, राजन निरौला, सुनिता श्रेष्ठ, सुरेश साहु, कमला बिष्ट, रमेश सोडारी, युवराज गिरी, राहुल यादव, ज्ञानेन्द्र थापा, बिशाल बराल, बालकलाकार मास्टर अमित पौडेल र बिशेष भुमिकामा कामेश्वर चौरासिया र तेजस्वी बास्कोटाले अभिनय गरेका छन् ।

# 'परदेशी-२'को गीत 'कुरा सीधा छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही असोज २६ गतेबाट प्रदर्शनमा आउने चलचित्र 'परदेशी-२'को नयाँ गीत सार्वजनिक गरिएको छ । चलचित्रमा समावेश 'कुरा सिधा छ...' बोलको डान्सिङ शैलीको गीत बुधवार बिहान युट्युबमार्फत सार्वजनिक गरिएको हो । यो गीतमा चलचित्रका मुख्य कलाकार अभिनेता प्रकाश सपूत र अभिनेत्री वर्षा शिवाकोटी प्रस्तुत छन् ।

प्रताप दास र मिना निरौलाको स्वर रहेको गीतमा बि.बि अनुरागीको शब्द तथा संगीत छ । गोविन्द राईले भिडियोको कोरियोग्राफी गरेका हुन् । 'लिरिकल शैली'मा तयार यस गीतको भिडियोलाई सम्पादन भने मिराज अर्यालले गरेका छन् ।

दशैंको छेको पारेर प्रदर्शनमा आउन लागेको 'परदेशी-२'लाई नारायण रायमाझीले निर्देशन गरेका हुन् । चलचित्रमा प्रकाश र वर्षासँगै केकी अधिकारी, प्रशान्त तामाङ, दीलिप रायमाझी, नीर शाह, रमा थपलिया, देबेन्द्र बब्लु, सबिन बास्तोला, रोशनी कार्की लगायतको अभिनय छ । रमेश बिजीको कथा एवं पटकथा लेखन रहेको चलचित्रलाई राजेश वंशल र निर्देशक रायमाझी स्वयंले संयुक्त रूपमा निर्माण गरेका हुन् । चलचित्रमा मानकृष्ण महर्जनको छायांकन, दीर्घ खड्काको सम्पादन छ । परदेश पुगेका सन्तानको पर्खाइमा रहेका आमाबुवाको कथा चलचित्रले पेश गर्छ ।

'गोर्खा पल्टन' र 'परदेशी' जस्ता सुपरहिट चलचित्र दिएका रायमाझी 'परदेशी २'मार्फत निर्देशनमा सफलताको ह्याट्रिक गर्ने दाउमा छन् । यसअघि सार्वजनिक गीत र देशदौडाहाबाट चलचित्रले निकै राम्रो हाइप बनाइसकेको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MECCOPLUS INDUSTRY SDN.BHD.

LT. No. 273908

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Shaggra For Contracting and Services

पुर्व स्वीकृति मिति २०७९/०१/१६ पुन स्वीकृति मिति २०८०/०६/१७ LT. No. : 262442 चलानी नं. :६०२०३१४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 10 | 0 | 2500 | ५७१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOURER | 29 | 0 | 1000 | २२८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २५, २६ गते (12, 13th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९०/०७३/०७४

Best H. R. Solutions Pvt. Ltd.
Tokha-7, Basundhara Kathmandu, Nepal, Tel :+977-1-4989446,4957800
